REG.NO. 1289/067/068

# यूनिभर्सल पावर कम्पनी लिमिटेड
# Universal Power Company Limited

Ref No:- 58/080/81

मिति: २०८०/९/८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय ,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति पौष ०८, २०८० गते आइतवार दिउँसो ३:१५ बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीका आ.व. २०७५/७६, आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व. २०७८/७९ को वार्षिक साधरण सभा मिति पौष २९, २०८० (जनवरी १४, २०२४) गते आइतबार दिउँसोको १२:१५ बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०७८/७९ र सो भन्दा पहिलेका वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०७६/७७ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ङ) आ.व. २०७७/७८ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

च) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

छ) आ.व. २०७८/७९ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

ज) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

झ) आ.व. २०७९/८० को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

ञ) कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.४५ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) चुक्ता पुँजीको ८.५५ प्रतिशत बोनस शेयर जारी गर्ने ।

ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति पौष १८, २०८० एक दिन मात्र बन्द रहने छ । शेयरधनी पुस्तीका बन्द भएको अधिल्लो दिन मिति पौष १७, २०८० सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

भवदीय,

UNIVERSAL POWER COMPANY LTD.

Hari
...............
हरी पन्थी
परिपालन अधिकृत

**बोधार्थ,**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।